नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

## निवेदनको ढाँचा

सार्वजनिक निकायमा तपाईले दिएको निवेदनमाथि कारवाही गर्न ढिलो भयो भने तपाईले यसरी सूचना माग्न सक्नुहुन्छ :

श्री सूचना अधिकारी,

(कार्यालय, विभाग, निकायको नाम र ठेगाना)

**विषय :– सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचनाको माग ।**

मेलै त्यस कार्यालय/विभागमा मिति ............ मा .......विषयमा/कामका लागि निवेदन दिएको थिएँ । मेरो सो निवेदनमाथि अहिलेसम्म सन्तोषजनक कारवाही नभएको हुँदा कृपया मलाई निम्नलिखित सूचना उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

१. मेरो निवेदनमाथि अहिलेसम्म के के कारवाही भयो ? कुन मितिमा के गरियो ?

२. मेरो निवेदन कुन कर्मचारी वा पदाधिकारी कहाँ पुग्यो ? कुन पदाधिकारीको जिम्मा कति दिनसम्म मेरो निवेदन रह्यो ? सम्बन्धित पदाधिकारीहरूले मेरो निवेदनमाथि के कारवाही गरे ? ती सबै पदाधिकारीहरूको नाम, पद र फोन नम्बरको जानकारी दिनुहोला ।

३. तपाईको कार्यालय, विभाग, निकायको नियम, निर्देशिका वा नागरिक वडापत्रअनुसार मेरो निवेदनमाथि कति समयभित्र कारवाही हुनुपर्छ ? त्यो नियम, निर्देशिकाको नक्कल प्रति उपलब्ध गराईदिनु होला ।

४. उक्त नियम, निर्देशिका पालना नगर्ने पदाधिकारीमाथि आफ्नो पदीय दायित्व पूरा नगरेकोमा कारवाही हुने व्यवस्था छ कि छैन ? मेरो निवेदनको सम्बन्धमा नियम, निर्देशनको उल्लङ्घन भएको छ कि छैन ? भएको छ भने कुन नियम र निर्देशनअनुसार कस्तो कारवाही हुन्छ, त्यो निर्णय पाउँ ।

५. सम्बन्धित पदाधिकारीहरूले दायित्व पूरा नगर्नाले शारीरिक र मानसिक पीडा भोग्नु परेको छ । यो पीडाको लागि सम्बन्धित पदाधिकारी जिम्मेवार छ कि छैन र छ भने त्यसका लागि दण्ड सजायको कानूनी के व्यवस्था छ त्यो कानूनको बारे जानकारी पाउँ ?

६. मेरो निवेदनमाथि कहिलेसम्म कारवाही हुन्छ र मेरो माग/समस्या कहिलेसम्म पूरा/समाधान हुन्छ ?

माथि माग गरिएका सूचना पाउँ ।

निवेदक

(निवेदकको सही)

निवेदकको नाम, ठेगाना, फोन नम्बर ।

मिति ।